Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ७१ | वि.सं. २०८३ असार ९ मंगलवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल नवमी | Tuesday 23 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

**कर्णालीको कृषि क्षेत्र**

# जग्गाको क्षेत्रफल बढ्यो उत्पादन घट्यो

**ओम शाही**
**सुर्खेत, ८ असार ।**

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कर्णाली प्रदेशमा खाद्य बालीले ढाकेको कुल क्षेत्रफल ०.३७ प्रतिशतले बढेको पाइएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा खाद्य बालीले ढाकेको क्षेत्रफल ५.२० प्रतिशतले घटेको थियो।

चालु आर्थिक वर्षमा धान बालीले ढाकेको क्षेत्रफलमा २.९४ प्रतिशतले कमी आएको नेपाल राष्ट्र बैंक कर्णाली प्रादेशिक कार्यालय सुर्खेतले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक प्रतिवेदनले देखाएको छ। उक्त प्रतिवेदन अनुसार मकै, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.३१ प्रतिशत, ११.१७ प्रतिशत र २.४९ प्रतिशतले वृद्धि भएको देखाएको छ। यस्तै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफल समान ०.२५ प्रतिशतले बढेको छ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा ०.२५ प्रतिशतले वृद्धि भएको छ भने फलफूल खेतीले ढाकेको क्षेत्रफल ४.५१ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.०५ प्रतिशतले घटेको छ। तथापि यस अन्तर्गत खाद्य, नगदे तथा अन्य बालीको उत्पादन भने २.०६ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा प्रमुख खाद्य बालीमध्ये धान, मकै, गहुँ, कोदो, जौ र फापर बालीको उत्पादन क्रमशः ४.७६ प्रतिशत, ०.२५ प्रतिशत, २.५० प्रतिशत, ०.३४ प्रतिशत, १३.७४ प्रतिशत र २.५१ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/८३ को पुरा मसान्तसम्ममा तरकारी तथा बागबानी उत्पादन र फलफूल खेतीको उत्पादन क्रमशः ४.७७ प्रतिशत र ४.११ प्रतिशतले घटेको छ। फलफूलहरुमध्ये सुन्तला, केरा र स्याउको उत्पादनमा क्रमशः १२.५७ प्रतिशत, १.५० प्रतिशत र ०.४८ प्रतिशतले कमी आएको छ भने आँपको उत्पादन १.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूलको उत्पादन १०.४३ प्रतिशतले बढेको थियो। उक्त अवधिमा सुन्तला, आँप, केरा र स्याउको उत्पादन क्रमशः ११.३२ प्रतिशत, ११.०२ प्रतिशत, १.१९ प्रतिशत र १०.८८ प्रतिशतले बढेको तथ्यांकले देखाउँछ। चालु आर्थिक वर्षको पुस मसान्तसम्मको अवधिमा मसला उत्पादन ०.२५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा मसला उत्पादन ०.४३ प्रतिशतले बढेको थियो।

यस अवधिमा खाद्य बालीले ढाकेको क्षेत्रफलमा सुर्खेत जिल्लाको हिस्सा सबैभन्दा धेरै १९.७६ प्रतिशत रहदा सबैभन्दा कम हुम्ला जिल्लाको हिस्सा २.३६ प्रतिशत छ। यस्तै, तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै ३९.११ प्रतिशत छ। सबैभन्दा कम हुम्ला जिल्लाको हिस्सा १.९१ प्रतिशत रहेको तथ्यांकले देखाउछ।




> समीक्षा अवधिमा कर्णाली प्रदेशमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.०५ प्रतिशतले घटेको छ।

यस्तै, फलफूल बालीले ढाकेको क्षेत्रफलमा जुम्ला जिल्लाको हिस्सा सबैभन्दा धेरै २५.९० प्रतिशत र रुकुम पश्चिम जिल्लाको हिस्सा सबैभन्दा कम १.६७ प्रतिशत छ। मसला बालीले ढाकेको क्षेत्रफलमा सल्यान जिल्लाको हिस्सा सबैभन्दा धेरै ३८.४२ प्रतिशत र डोल्पा जिल्लाको हिस्सा सबैभन्दा कम ०.५२ प्रतिशत रहेको तथ्यांकले देखाउँछ।

कर्णालीमा यातायात, सिँचाइ सुविधा तथा अन्य आवश्यक भौतिक पूर्वाधारहरु अभावले कृषि क्षेत्रमा लक्ष्य अनुसारको प्रगति हासिल गर्न सकिएको छैन। कृषि क्षेत्रमा आवश्यक श्रमिकको अभावले कृषि पेशालाई सम्मानित पेशा र आयआर्जनको भरपर्दो स्रोतको रुपमा स्थापित गरी युवाहरुको बढ्दो विदेश पलायन दर रोक्न कर्णालीका लागि ठुलो चुनौती रहेको राष्ट्र बैंकले औल्याएको छ।

यस्तै, कृषि तथा पशुपालन क्षेत्रमा समय-समयमा देखिने महामारीजन्य रोगबाट हुने जोखिम न्यूनीकरणदेखि प्राविधिक तालिम, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउबिजन, मल र अन्य कृषि सामग्रीहरुमा कृषकहरुको पहुँच नबढ्दा कर्णालीको कृषि क्षेत्रमा अपेक्षित लक्ष्य हासिल गर्न नसकिएको राष्ट्र बैंकको प्रतिवेदनमा भनिएको छ।

## घट्यो कृषि क्षेत्रको कर्जा

२०८२ पुरा मसान्तमा कर्णाली प्रदेशमा प्रवाह भएको कृषि कर्जा २०८१ पुरा मसान्तको तुलनामा ५.०७ प्रतिशतले घटेको छ। कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको ७.६३ प्रतिशत हिस्सा कृषि कर्जाले ओगटेको छ। २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा कर्णालीमा बैंक तथा वित्तीय संस्थाहरुद्वारा कृषि क्षेत्रमा प्रवाहित कर्जा ५.०७ प्रतिशतले घटेर चार अर्ब ८९ करोड ४० लाख कायम भएको छ। प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी पशुपालन/पशुपधशाला शीर्षकमा एक अर्ब १२ करोड ९३ लाख प्रवाह भएको छ भने सिँचाई शीर्षकमा कृषि कर्जा प्रवाह भएको छैन। कर्णालीमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा धेरै एक अर्ब ७१ करोड सुर्खेतमा प्रवाह भएको छ भने सबैभन्दा कम १२ करोड ७१ लाख मुगुमा प्रवाह भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ।

# सम्पत्ति शुद्धिकरण मुद्दामा एमाले उपाध्यक्ष पौडेल पक्राउ

**युग संवाददाता**
**सुर्खेत, ८ असार ।**

सम्पत्ति शुद्धिकरणको मुद्दामा नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल पक्राउ परेका छन्। पौडेललाई सोमबार साँझ सुर्खेत प्रहरीले वीरेन्द्रनगर नगरपालिका-३, स्थित होटल शुभबाट पक्राउ गरहेको हो।



आइतबार एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन सम्बन्धी सुझाव संकलन कार्यक्रममा सहभागी हुन पौडेल सुर्खेत आएका थिए। कर्णालीका प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा चलिरहेको सोही कार्यक्रम स्थलबाट प्रहरीले पौडेललाई पक्राउ गरेको हो। पौडेलसँगै कार्यदलका संयोजक उपाध्यक्ष रामबहादुर थापा प्रमुख अतिथि थिए।

यस्तै, कार्यदलका सदस्यहरु उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ र महासचिव शंकर पोखरेल पनि बैठकमा थिए। पौडेललाई पक्राउ गर्ने समयसम्म कर्णालीका १० मध्ये आठ जिल्लाका पदाधिकारी र केन्द्रीय सदस्यले निर्वाचन समिक्षा र पार्टी पुनर्गठनका विषयमा बोलेका थिए। बैठकमा सहभागी एक नेताका अनुसार सुर्खेत र जाजरकोटको बोल्ने पालो नआउँदै पौडेललाई प्रहरीले पक्राउ गरेको हो।

पौडेललाई जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक ठाकुरप्रसाद पोखरेलको कमाण्डमा खटिएको १० जनाको विशेष प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो। उनलाई काठमाडौं पठाउन नेपालगन्ज लगिएको छ।

सम्पत्ति शुद्धीकरण विभागले पूर्वअर्थमन्त्रीसमेत रहेका पौडेललाई पक्राउ गर्नुअघि उनको निवासमा छापा मारेको थियो। विभागले पौडेललाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय सुर्खेतलाई पत्र पठाएको थियो। विभागले पौडेललाई पक्राउ गरेर उपस्थित गराउन सुर्खेत प्रहरीलाई आजै पत्र पठाएको थियो। उनलाई प्रहरीले काम छ भन्दै कार्यक्रमस्थलबाट बाहिर निकालेर पक्राउ गरेको थियो। सेयर कारोबार र सम्पत्तिको शंकास्पद स्रोतको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको प्रहरीको उच्च स्रोतले जानकारी दियो।

पौडेल वर्तमान राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले पक्राउ गरेका एमालेका दोस्रो बरियताका नेता हुन्। यसअघि पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सरकारले २३ भदौको जेन-जी आन्दोलनमा १९ जनाको ज्यान जानेगरी भएको घटनामा संलग्न रहेको आरोपमा पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीलाई पक्राउ गरेको थियो।

# मन्त्रीहरूका लागि ५७ जना सल्लाहकार नियुक्त गर्दै सरकार

**युग संवाददाता**
**काठमाण्डौं, ८ असार ।**

सरकारले मन्त्रालयका कामहरू छिटोछरितो गर्ने भन्दै ५७ जना सल्लाहकारहरू नियुक्त गर्ने निर्णय गरेको छ। नेपाल सरकारका सचिवस्तरको सेवा सुविधा पाउनेगरी सल्लाहकारहरू नियुक्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालयहरूलाई शुक्रबार पत्राचार गरेको हो।

मन्त्रीहरूको सल्लाहकार र सचिवालय व्यवस्थापनसम्बन्धी कार्यविधि २०८३ लाई स्वीकृत गरी पहिलोपटक विशिष्ट श्रेणीस्तरका सल्लाहकारहरू रहने व्यवस्था सरकारले गर्न लागेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्रोतले बताएको छ।

बाँकी ३ पेजमा

**विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं**

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

**भवानी अटो वर्कसप**
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

**हाम्रा सेवाहरु**
- ✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय....

# सामुदायिक विद्यालयको साख गिर्न नदेऊ

कर्णालीका सामुदायिक विद्यालयहरूको पछिल्लो अवस्था हेर्दा शिक्षा क्षेत्रभित्र गहिरिँदै गएको असन्तुलन स्पष्ट देखिन्छ। एकातिर ग्रामीण बस्तीका विद्यालयहरू विद्यार्थी अभावका कारण अस्तित्व जोगाउन संघर्ष गरिरहेका छन् भने अर्कोतिर प्रदेश राजधानी वीरेन्द्रनगरका विद्यालयहरू क्षमताभन्दा धेरै विद्यार्थीको चाप थेग्न बाध्य छन्। यो अवस्था केवल शैक्षिक व्यवस्थापनको समस्या मात्र होइन, कर्णालीको सामाजिक, आर्थिक र जनसांख्यिक रूपान्तरणको प्रतिविम्ब पनि हो। प्रदेशभरका तीन हजार चार सयभन्दा बढी सामुदायिक विद्यालयमध्ये एक हजारभन्दा बढी विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी हुनु सामान्य तथ्य होइन। कतिपय विद्यालयमा शिक्षकभन्दा विद्यार्थीको संख्या थोरै छ। जन्मदर घट्नु, निरन्तर बसाइँसराइ बढ्नु र ग्रामीण क्षेत्रबाट अवसरको खोजीमा परिवार सहर केन्द्रित हुनु यसका मुख्य कारण हुन्। जब परिवार गाउँ छोड्छ, विद्यालयले पनि आफ्ना विद्यार्थी गुमाउँछ। यसरी गाउँको विद्यालय खाली हुनु भनेको केवल कक्षाकोठा रित्तिनु होइन, गाउँको सामाजिक जीवन नै क्रमशः कमजोर बन्दै जानु हो।

अर्कोतर्फ, वीरेन्द्रनगरका जन नमुना र अमरज्योति जस्ता सामुदायिक विद्यालयमा हजारौं विद्यार्थी अध्ययनरत छन्। यहाँ पूर्वाधार, शिक्षक र स्रोतको सीमाभन्दा बढी विद्यार्थी भर्ना गर्नुपर्ने अवस्था छ। कर्णालीका दुर्गम जिल्लादेखि सुदूरपश्चिम र लुम्बिनीसम्मका अभिभावक आफ्ना छोराछोरीलाई यस्ता विद्यालयमा पठाइरहेका छन्। यसले अभिभावकको रोजाइ विद्यालयको भौगोलिक दूरीभन्दा पनि गुणस्तर, अवसर र भविष्यप्रतिको विश्वासले निर्धारण गरिरहेको छ। तर, यस प्रवृत्तिले अर्को गम्भीर प्रश्न उठाएको छ। यदि गाउँका विद्यालयमा विद्यार्थी नहुने र सहरका विद्यालयमा अत्यधिक भीड हुने अवस्था निरन्तर रह्यो भने राज्यले शिक्षा पहुँचको समान अवसर कसरी सुनिश्चित गर्ने ? विद्यार्थी नभएका विद्यालयमा शिक्षक, भवन र बजेट खर्च भइरहने तथा भीडभाड भएका विद्यालयमा स्रोत अपर्याप्त हुने अवस्था दीर्घकालीन रूपमा टिकाउ हुन सक्दैन।

यसका लागि विद्यालय गाभ्ने वा पुनर्संरचना गर्ने विषयलाई केवल प्रशासनिक निर्णयका रूपमा होइन, सामाजिक संवेदनशीलतासहित अघि बढाउनुपर्छ। त्योसँगै ग्रामीण विद्यालयको गुणस्तर सुधार, दक्ष शिक्षकको व्यवस्थापन, आधुनिक सिकाइ वातावरण, प्रविधिको उपयोग तथा स्थानीय आवश्यकतासँग जोडिएको शिक्षा प्रणाली विकास गर्न आवश्यक छ। गाउँमै गुणस्तरीय शिक्षा प्राप्त हुने विश्वास अभिभावकमा स्थापित गर्न नसकेसम्म बसाइँसराइसँगै विद्यालय रित्तिने क्रम रोकिने छैन। अंग्रेजी माध्यमलाई मात्र गुणस्तरीय शिक्षाको पर्याय मान्ने प्रवृत्ति पनि पुनर्विचार गर्नुपर्ने विषय बनेको छ। शिक्षाको गुणस्तर भाषा होइन, सिकाइको प्रभावकारिता, शिक्षकको क्षमता र विद्यालयको वातावरणले निर्धारण गर्छ। त्यसैले राज्यले ग्रामीण विद्यालयप्रति जनविश्वास पुनःस्थापित गर्ने दीर्घकालीन नीति ल्याउनुपर्छ। अन्यथा कर्णालीका गाउँहरू जस्तै विद्यालयहरू पनि क्रमशः खाली हुँदै जानेछन्, र सहरका विद्यालयहरू थप चापको बोझले थिचिँदै जानेछन्।

## विश्व

# विकासोन्मुख देशमा विद्युतीय सवारी प्रयोग बढ्दै, चार्जिङ स्टेशन सिमित

**हङकङ, ८ असार ।** इरान युद्धपछि विश्वभर विद्युतीय सवारी साधन (इभी) गाडीहरुको बजार बिस्तार भएको छ। तर, इभीमा आकर्षण तिव्र बढे पनि चार्जिङ पूर्वाधारको विकास भने तुलनात्मक रुपमा सुस्त छ।

इरान युद्धले हर्मुजको जलमार्गमा अवरोध हुँदा विश्वको झन्डै २० प्रतिशत कच्चा तेल र प्राकृतिक ग्याँस (एलएनजी) बाहिरिन पाएन। यसको प्रभाव सबैभन्दा पहिले एसिया र त्यसपछि अफ्रिकामा पऱ्यो।

नतिजा, इभीप्रति मानिसहरुको आकर्षण बढ्यो। चिनियाँ अधिकारीहरुका अनुसार गत अप्रिलमा चीनको विश्वव्यापी इभी निर्यात ९.४ अर्ब डलर बराबर थियो। यो नयाँ रेकर्ड हो। विशेषगरी अस्ट्रेलिया, ब्राजिल, दक्षिण-पूर्वी एसिया र पूर्वी अफ्रिकी क्षेत्रहरूमा चिनियाँ गाडीको माग ह्वात्तै बढेको छ।

चाइनिज एशोसिएसन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्सका अनुसार चीनले गत मे महिनामा मात्रै करिब ४ लाख ३५ हजार प्यासेन्जर इभी र प्लग-इन हाइब्रिड गाडी निर्यात गर्‍यो। जो अघिल्लो वर्षको सोही अवधिको तुलनामा दोब्बरभन्दा बढी हो।

तर, इभीको आयातअनुरुप चार्जिङ नेटवर्कको बिस्तार सुस्त देखिएको छ। अफ्रिकामा सरकारी निकाय र राज्य सञ्चालित संस्थाहरूले चार्जिङ पूर्वाधार निर्माणमा अग्रणी भूमिका खेलिरहेका छन्।

विश्लेषकहरुले इन्धनबाट हरित ऊर्जातर्फको रुपान्तरणमा एसियाली देशहरुका लागि पनि यो मोडल प्रभावकारी हुनसक्ने बताएका छन्।

'यूबीएस बैंकका चिनियाँ अटोमोटिभ उद्योग अनुसन्धान प्रमुख पल गोङले पर्याप्त चार्जिङ पूर्वाधार सम्बन्धित देशका सरकारले प्राथमिकता दिन जरुरी रहेको बताए। 'पूर्वाधार विकासका लागि सरकारी सहयोगले मात्र इभीको प्रयोगलाई तीव्रता दिन सक्छ,' उनले भने।

अहिले विकासोन्मुख देशका चालकहरू परम्परागत पेट्रोल पम्पको विकल्प खोजिरहेका छन्। दक्षिण-पूर्वी एसियाली मुलुकहरू थाइल्यान्ड, लाओस र फिलिपिन्समा चिनियाँ इभीको आयात ह्वात्तै बढेको छ।

लाओसले त इन्धन आयात खर्च घटाउन र इभीलाई बढावा दिन सन् २०२६ को बाँकी अवधिका लागि इन्धनबाट चल्ने सवारी साधनको आयातमा प्रतिबन्ध नै लगाएको छ। चिनियाँ वाणिज्य मन्त्रालयको तथ्याङ्क अनुसार अफ्रिका महादेशमा सन् २०२५ मा करिब ४४,००० चिनियाँ इभी निर्यात भयो। यो आँकडा वर्षको तुलनामा १३० प्रतिशतको वृद्धि हो।


सीमित सार्वजनिक यातायात, लामो यात्रा र निजी सवारी साधनमाथिको अत्यधिक निर्भरताका कारण इन्धनको मूल्यमा हुने उतारचढावले सर्वसाधारणलाई प्रत्यक्ष असर पार्ने गरेको छ। दक्षिण अफ्रिकाको स्टेलनबोश विश्वविद्यालयले सन् २०२४ मा गरेको एक अध्ययनअनुसार उक्त देशमा परिवारको कुल खर्चको झन्डै २० प्रतिशत यातायातमै खर्च हुने गर्छ।

परामर्शदाता कम्पनी 'अलिक्सपार्टनर्स' का मार्क वेकफिल्डले इन्धनको मूल्य बढेसँगै इभीप्रति विश्वव्यापी चासो बढेको बताए। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का अनुसार गत वर्ष विश्वभर बिक्री भएका

बाँकी ३ पेजमा

विश्वकपको 'फ्ल्यासब्याक' :

# 'ब्ल्याक एन्ड ह्वाइट'को उत्साहदेखि स्मार्ट स्क्रिनको मज्जासम्म



एलपी देवकोटा



अहिले फुटबलको महाकुम्भ विश्वकपको माहौल छ। चिया पसल, चौतारा, घरदेखि कार्यालयसम्म विश्वकपकै चर्चा सुनिन्छ। विश्वकप फुटबलले विश्वभरका खेलप्रेमीलाई जस्तै मलाई पनि बाल्यकालका थुप्रै सम्झनाहरूमा पुऱ्याएको छ। जुम्लाको दुर्गम गाउँमा 'ब्ल्याक एन्ड ह्वाइट' टेलिभिजनमा गाउँभरिका मानिसहरू जम्मा भएर हेरेको विश्वकप र आज परिवारसँग ६५ इन्चको स्मार्ट टीभी तथा प्रोजेक्टरमा हेर्दाको अनुभवबीचको फरक सम्झँदा समयको अद्भूत यात्रा महसुस हुन्छ।

**'ब्ल्याक एन्ड ह्वाइट टीभी'मा देखिएको पहिलो विश्वकप**

२०५५ साल (सन् १९९८) तिरको कुरा हो। म करिब आठ वर्षको थिएँ। त्योबेला जुम्लामा टेलिभिजन भएका घरहरू निकै कम थिए। मेरा बा पुरीचन्द देवकोटाले तरकारी लगाउने बारीमा ठूलो डिस एन्टेना जडान गर्न लगाउनुभयो। गाउँका अंकल र दाइहरू दुई दिनसम्म मेहनत गरेर ठूलो कालो डिस छाता जोड्न सफल हुनुभयो। त्यो मेहनत खेर गएन, किनकि त्यसपछि हाम्रो घर विश्वकप हेर्ने साझा केन्द्रजस्तै बन्यो।

घरमा १४ इन्चको 'ब्ल्याक एन्ड ह्वाइट' टीभी थियो। नेपाली च्यानलहरू खासै देखिँदैन्थे, अधिकांश भारतीय च्यानलहरू आउँथे। दिउँसो रामायण, महाभारत र विभिन्न सिरियलहरू हेर्ने गरिन्थ्यो भने राति खेलकुद च्यानलहरू आउँथे। खेलकुद र अन्य च्यानलका लागि डिसको दिशा फरक-फरक भएकाले दिनरात छाता घुमाउनुपर्ने अवस्था थियो। त्योबेला हामीलाई कुन देश खेल्दैछ, कुन खेलाडी प्रसिद्ध छ भन्ने धेरै थाहा थिएन। केवल फुटबल हेर्न पाइयो भने पनि हामी दङ्ग पर्थ्यौं। तर, विश्वकपको रोमाञ्च भने त्यतिबेलै हाम्रो मनमा बसिसकेको थियो। गाउँभरिका मानिसहरू एउटै कोठामा खचाखच बसेर रातभर खेल हेर्दा जुन सामूहिक आनन्द, आत्मीयता र अपनत्व महसुस हुन्थ्यो, त्यो आजको अत्याधुनिक प्रविधिले पनि सायदै दिन सक्छ। खेल मैदान टाढा थियो, तर विश्वकपले गाउँका सबैलाई एउटै भावनामा बाँधिदिएको थियो।

> फुटबल र फुटसल प्रतियोगिताहरू नियमित भइरहेका छन्। समय बदलिएको छ, तर बल पछ्याउने सपना भने उस्तै छ।

**बासँग हेरेको विश्वकप र छोरासँग हेर्दाको फरक**

समयसँगै विश्वकप हेर्ने शैली मात्र होइन, खेललाई बुझ्ने तरिका पनि बदलिएको छ। बासँग बसेर खेल हेर्दा फुटबल भनेको केवल एउटा खेल थियो। कुन देश, कुन खेलाडी, कति गोल, कति रेकर्ड भन्ने जानकारी सीमित हुन्थ्यो। खेल हेर्ने खुसी नै सबैभन्दा ठूलो कुरा थियो।

आज छोरासँग बसेर विश्वकप हेर्दा अवस्था फरक छ। खेल सुरु हुनुअघि नै उसले खेलाडीहरूको तथ्यांक सुनाउँछ- कसले कति विश्वकप खेलेको छ, कति गोल गरेको छ, कुन टोलीको रणनीति कस्तो छ, कसले कति कीर्तिमान बनाएको छ। प्रविधिको विकाससँगै जानकारीको पहुँच यति सहज भएको छ कि अहिलेको पुस्ताले खेललाई अझ गहिरोसँग बुझ्न पाएको छ।

मैले १९९८, २००२ र २००६ का विश्वकपहरू ब्ल्याक एन्ड ह्वाइट टीभीमा हेरेँ। २०१० पछि मात्र रङ्गीन टीभीमा विश्वकप हेर्ने अवसर मिल्यो। आज २०२६ मा प्रोजेक्टर र स्मार्ट स्क्रिनमा खेल हेर्दा खेलको अनुभव नै अर्को स्तरको बनेको छ। तर, कहिलेकाहीँ लाग्छ- प्रविधिले दृश्यलाई स्पष्ट बनायो, तर पुराना दिनहरूको सामूहिकता र आत्मीयता भने कतै धमिलो बनाइदियो।

**फाटेको मोजाको बलदेखि फुटसलसम्म**

विश्वकपसँगै बाल्यकालका खेलकुदका सम्झनाहरू पनि ताजा हुन्छन्। त्योबेला नयाँ फुटबल किन्ने अवस्था थिएन। पुराना फाटेका मोजा जम्मा गरेर बल बनाइन्थ्यो, र त्यही बलले घण्टौं खेलिन्थ्यो।

विद्यालयको मध्याह्न विश्राम होस् वा विद्यालय छुटेपछि साँझको समय, हाम्रो मुख्य मनोरञ्जन त्यही मोजाको बल थियो। बिदाको दिन त एक गाउँका युवाहरू अर्को गाउँसँग प्रतिस्पर्धा गर्न टिम बनाएर खेल्थे। धान काटिसकेपछि खाली भएका खेतहरू नै हाम्रो खेल मैदान बन्थे। गोल पोस्टका लागि ढुंगा राखिन्थ्यो, रेफ्री हुँदैनथ्यो, नियमहरू पनि धेरै औपचारिक थिएनन्। तर, खेलप्रतिको जोश र जित्ने चाहना भने कुनै अन्तर्राष्ट्रिय प्रतियोगिताभन्दा कम थिएन।

त्यो समय जुम्लामा दसैँ-तिहारको अवसरमा मात्रै फुटबल प्रतियोगिता आयोजना हुने गर्थ्यो। अहिले पनि खेल मैदानको अभाव, व्यवस्थापनका समस्या र प्रतियोगिताका क्रममा हुने विवादका कारण नियमित खेल गतिविधि कमै छन्। तर, फुटबलप्रतिको मोह भने घटेको छैन, बरु झन् बढ्दै गएको छ।

आज जुम्लामा फुटसल निर्माण भएका छन्। बिहान र बेलुका युवाहरू फुटसल खेलिरहेका भेटिन्छन्। हामी पनि कहिलेकाहीँ फुटसल खेल्ने गर्छौं। शहरहरूमा त टोल-टोलमा फुटसल सञ्चालनमा छन्। फुटबल र फुटसल प्रतियोगिताहरू नियमित भइरहेका छन्। समय बदलिएको छ, तर बल पछ्याउने सपना भने उस्तै छ।

**समय बदलियो, उत्साह उस्तै छ**

२८ वर्षअघि गाउँका मानिसहरू एउटै टीभीअगाडि बसेर विश्वकप हेर्थे। आज प्रत्येक व्यक्तिको हातमा स्मार्टफोन छ, जहाँबाट विश्वकप प्रत्यक्ष हेर्न सकिन्छ। प्रविधि, सुविधा र जानकारीको पहुँचमा ठूलो परिवर्तन आएको छ। तर, फुटबलप्रतिको उत्साह, खेलप्रतिको प्रेम र विश्वकपले जगाउने रोमाञ्च भने उस्तै छ।

ब्ल्याक एन्ड ह्वाइट टीभीको धमिलो पर्दादेखि आजको एचडी स्क्रिनसम्म आइपुग्दा धेरै कुरा बदलिएका छन्। डिस छाता घुमाउँदै सिग्नल खोज्ने दिनहरू बिते, फाटेका मोजाको बलले खेल्ने बालापन पनि सम्झनामा सीमित भयो। बुबासँग बसेर खेल हेर्ने दिनहरू विस्तारै समयको पानामा दर्ज भए, र आज त्यही स्थानमा छोरासँग बसेर नयाँपुस्ताको उत्साह नियालिरहेको छु।

सायद यही नै जीवनको सबैभन्दा सुन्दर यात्रा हो- एउटा पुस्ताले देखेको सपना अर्को पुस्ताले अझ स्पष्ट रूपमा देख्नु। विश्वकप केवल खेल होइन, यो समय, सम्झना, परिवार र पुस्ताहरूलाई जोड्ने भावनात्मक सेतु पनि रहेछ। त्यसैले हरेक चार वर्षमा विश्वकप आउँदा मैदानमा खेलाडीहरू मात्र दौडिरहेका हुँदैनन्, सँगै दौडिरहेका हुन्छन् बाल्यकालका सम्झनाहरू, बुबाको साथ, गाउँको आत्मीयता र समयले छोडेका अनगिन्ती पथ चिह्नहरू। यही कारण विश्वकप मेरा लागि केवल खेल होइन, जीवनका सुन्दर अध्यायहरू पुनः एकपटक बाँच्ने अवसर पनि हो। *(शिलापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — कामको चाप बढ्नेछ। केही दौडधुप गर्नु परे पनि फाइदा हुनेछ। भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो काम प्रारम्भ हुन सक्छ।

**वृष** — प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ।

**मिथुन** — तत्काललाई सानो फाइदा हेर्दा पछि पछुतो लाग्न सक्छ। बेसुरमा आश्वासन दिने बानीले पनि दुःख पाइनेछ।

**कर्कट** — हिम्मत गर्दा लक्ष्यको उचाइ प्राप्त हुने समय छ। पेसा-व्यवसायमा सहयोगीहरूले राम्रो साथ दिनेछन्। कृषि र उद्योगतर्फ मनग्य फाइदा उठाउन सकिनेछ।

**सिंह** — विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन्।

**कन्या** — आकर्षक उपहारले उत्साह जगाउनेछ। रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्

**तुला** — जटिल कामले लोभ्याउनेछ तर खर्च पनि उत्तिकै लाग्न सक्छ। बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ।

**वृश्चिक** — आम्दानी बढ्नाले उत्साह जाग्नेछ। व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। विभिन्न स्रोत-साधन जुट्नेछन्। सञ्चित धन उपयोग गर्दा पनि फाइदै हुनेछ।

**धनु** — पुरुषार्थी काम सम्पन्न गर्ने समय छ। प्रतीक्षा गरिएको नतिजाले उत्साह जगाउनेछ। प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर प्राप्त हुनेछ।

**मकर** — धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ। नयाँ जिम्मेवारी प्राप्त हुनेछ। व्यापार-व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ।

**कुम्भ** — परिस्थितिवश केही समस्यामा अल्झनुपर्ने देखिन्छ। अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ। अरूका विषयमा चासो लिँदा आफ्नो काम बिग्रन सक्छ।

**मीन** — महत्त्वाकांक्षी योजनाले आकस्मिक यात्रा गराउन सक्छ। जुझारु कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ। वादविवादमा अघि नसर्नुहोला।

# रोकायले जिते काँक्रेबिहार हाफ म्याराथनको उपाधि

**◣युग संवाददाता**
**सुर्खेत, ८ असार ।**



एक्सट्रिम तेस्रो काँक्रेविहार हाफ म्याराथनको उपाधि जुम्लाका राजन रोकायले जितेका छन् । कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक डेका अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको तेस्रो संस्करणअन्तर्गत सोमवार भएको २१ किलोमिटर दौड रोकायले १ घण्टा ९ मिनेट ३१ सकेन्डमा पूरा गरी उपाधि हात पारेका हुन् । रोकायले १ लाख ५० हजार पुरस्कार प्राप्त गरेका छन् ।

एक्सट्रिम इनर्जी ड्रिङ्क्स टाइटल स्पोन्सर रहेको प्रतियोगितामा कालीकोटका विनोद रोकाय दोस्रो र विभागीय टोली एपीएफका गोपिचन्द्र पार्की तेस्रो भए ।

यस्तै, महिलातर्फको १० किलोमिटर दौडको उपाधि धादिङकी सन्तोषी श्रेष्ठले हात पारिन् । उनले निर्धारित दूरी ३६ मिनेटमा पूरा गरिन् । उक्त दौडमा जुम्लाकी पूर्णलक्ष्मी न्यौपाने दोस्रो र बाजुराकी सिर्जना पाण्डे तेस्रो भइन् । महिलातर्फको ५ किलोमिटर दौडको उपाधि सुर्खेतकी कृष्णा रानाले हात पारिन् । उनले निर्धारित दूरी २० मिनेटमा पूरा गरिन् । यस्तै, पुरुषतर्फ ५ किलोमिटर दौडमा कालीकोटका अनिल शाही प्रथम भए ।

विजेता खेलाडीलाई वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले ट्रफी, मेडल, प्रमाणपत्र र पुरस्कार राशीले सम्मान गरेकी थिइन् । 'दौडिन्छ कर्णाली' नारालाई मूर्तरूप दिन कर्णाली खेलकुद विकास परिषद्को अनुरोधमा विगत दुई वर्षदेखि मिड वेस्टर्न फिटनेस सेन्टरले प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको जनाइएको छ ।

# भालु आतंकले जुम्ला त्रसित

**◣गोल्डेन बुढा**
**जुम्ला, ८ असार।**

जुम्लाको चन्दननाथ नगरपालिका-२ खोलिकोटस्थित सामुदायिक वन क्षेत्रमा सोमबार बिहान भालुले आक्रमण गर्दा दुई वटा बाख्रा मरेका छन् भने तीन वटा बाख्रा अझै बेपत्ता छन् । स्थानीय वखतबहादुर बुढथापा र बलबहादुर बुढथापाको संयुक्त बाख्रा गोठमा जंगली भालुले आक्रमण गरेको हो ।

राफैस्थित सामुदायिक वनमा रहेको उक्त गोठमा ४३ वटा बाख्रा राखिएका थिए । प्रहरीका अनुसार भालुले गोठमै पसेर बाख्रामाथि आक्रमण गरेको थियो । घटनापछि क्षेत्रमा त्रास फैलिएको छ ।यो घटना जुम्लामा पछिल्लो समय बढ्दो मानव-भालु द्वन्द्वको अर्को कडी बनेको छ ।

पछिल्ला केही महिनामा मात्रै भालुले मानिसमाथि आक्रमण गर्ने, भेडाबाख्रा मार्ने र बस्ती नजिकै देखिने घटनामा उल्लेख्य वृद्धि भएको छ । जंगलसँग प्रत्यक्ष जोडिएको ग्रामीण जीवनशैलीका कारण स्थानीयहरू दैनिक जोखिमपूर्ण अवस्थामा बाँच्न बाध्य छन् ।गत जेठ ६ गते बिहान गुठिचौर गाउँपालिका-३ गर्याङ्गकोटका २४ वर्षीय सरचिन बुढा दैनिकझैँ भेडाबाख्रा लिएर छल्लाटिया खोलातर्फको राष्ट्रिय जंगल पुगेका थिए ।

त्यही क्रममा जंगलबाट निस्किएको भालुले एक्कासी उनीमाथि आक्रमण गऱ्यो । दुर्गम जंगलमा भएको आक्रमणपछि उनी रगताम्य अवस्थामा ढले । घटनास्थल नजिक रहेका स्थानीयले चिच्याहट सुनेपछि मात्रै अवस्था थाहा पाए । स्थानीय र प्रहरीको संयुक्त प्रयासमा उनको उद्धार गरियो । शरीरका विभिन्न भागमा गम्भीर चोट लागेका उनलाई गुठिचौर गाउँपालिकाको एम्बुलेन्समार्फत कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइएको थियो ।त्यसको १२ दिनपछि अर्थात् जेठ १८ गते गुठिचौर गाउँपालिका-४ थामबाडा गाउँमा भालुको आक्रमणबाट आठ वटा भेडा मारिए । स्थानीय कृषक नरेन्द्र अधिकारीका भेडा रातिको समयमा गोठमा हुलेका बेला भालु पसेर आक्रमण गरेको प्रहरीले जनाएको छ ।

घटनापछि पाँच वटा भेडा बेपत्ता भए भने २९ वटा भेडा सकुशल भेटिए । प्रति भेडाको न्यूनतम मूल्य १८ हजार रुपैयाँ पर्ने भएकाले किसान अधिकारीले मात्र एक लाख ४४ हजार रुपैयाँ बराबरको क्षति व्यहोरे ।भालुको आक्रमणबाट मानिस घाइते हुने घटना पनि निरन्तर दोहोरिइरहेका छन् । गत वर्ष असोजमा तातोपानी गाउँपालिका-४ गिडीरिखोलास्थित आफ्नै स्याउ फार्ममा काम गरिरहेका १८ वर्षीय दीपेन्द्र न्यौपानेमाथि भालुले आक्रमण गरेको थियो ।

टाउको, खुट्टा र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेपछि उनलाई तत्काल उपचारका लागि प्रतिष्ठान पुऱ्याइएको थियो ।सोही दिन गुठिचौर गाउँपालिका-५ धिता गाउँकी ५५ वर्षीया झापु धिताल घाँस काट्ने क्रममा जंगलमै भालुको आक्रमणमा परिन् । उनको टाउको र ढाडमा गम्भीर चोट लागेको थियो । त्यसको अघिल्लो दिन मात्रै गुठिचौर-३ नानीपातल जंगलमा घाँस काट्न गएकी ४५ वर्षीया बुङ्ची कामी र उनकी १६ वर्षीया छोरी तिर्सना कामीमाथि पनि भालुले आक्रमण गरेको थियो ।यी घटनाले जुम्लाका ग्रामीण बस्तीमा जंगल अब केवल प्राकृतिक स्रोतको क्षेत्र मात्रै नभई जोखिमको भूगोल बन्दै गएको संकेत गरेका छन् ।

वन क्षेत्रको घट्दो प्राकृतिक सन्तुलन, डढेलो, अनियन्त्रित वन विनाश, खाद्य संकट र जलवायु परिवर्तनका कारण वन्यजन्तुको बासस्थान प्रभावित भइरहेको जानकारहरू बताउँछन् । जंगलभित्र पर्याप्त आहारा नपाउँदा भालुहरू बस्ती र गोठतर्फ आकर्षित हुन थालेका छन् । अर्कोतर्फ जुम्लाका अधिकांश ग्रामीण परिवारको जीविका अझै जंगलमै निर्भर छ । घाँस, दाउरा, जडीबुटी सङ्कलन, पशुचौपाया चराउने काम तथा खेतीपातीको चक्र जंगलसँग गाँसिएको छ । त्यसैले जंगलबाट टाढा रहने विकल्प स्थानीयसँग छैन । विशेषगरी महिलाहरू सबैभन्दा बढी जोखिममा छन् ।

बिहान अँध्यारोमै घाँस काट्न जाने, एक्लै जंगल पसेर दाउरा बोक्ने तथा दिनभर वन क्षेत्रमा श्रम गर्नुपर्ने बाध्यताले उनीहरूलाई प्रत्यक्ष जोखिममा पुऱ्याएको छ ।२०७८ साल साउन २७ गते जुम्ला सदरमुकाम खलंगामै बिहान साढे ४ बजे पसल खोल्न गएका हिमराज रोकाया र निर्मला रोकायामाथि भालुले आक्रमण गरेको घटना अझै स्थानीयले बिर्सिएका छैनन् ।

सदरमुकामसम्म भालु पुग्नु सामान्य घटना नभएको स्थानीय बताउँछन् । त्यसयता 'भालु अब जंगलमै सीमित छैन' भन्ने बुझाइ गाउँगाउँमा गहिरिएको छ ।बढ्दो क्षतिलाई मध्यनजर गर्दै डिभिजन वन कार्यालय जुम्लाले वन्यजन्तुबाट प्रभावित पीडितलाई राहत वितरण गरिरहेको छ । कार्यालयका अनुसार यसै वर्ष हिमाली कालो भालुको आक्रमणबाट प्रभावित नौ जनालाई कुल ३० लाख ९ हजार ६ सय रुपैयाँ राहत वितरण गरिएको छ ।

## मिडिया सोसाइटीको 'बुटवल घोषणापत्र २०८३' जारी

# सरकारको विभेदकारी नीति तत्काल खारेज हुनुपर्ने माग

**◣युग संवाददाता**
**बुटवल, ८ असार ।**




नेपालका सञ्चारमाध्यमहरू गम्भीर आर्थिक संकटबाट गुज्रिरहेका बेला बुटवलमा सम्पन्न चौथो राष्ट्रिय मिडिया सम्मेलनले सरकारको विभेदकारी विज्ञापन नीति तत्काल खारेज गर्न माग गर्दै 'बुटवल घोषणापत्र २०८३' जारी गरेको छ ।

प्रकाशन तथा प्रसारण संघ लुम्बिनी र नेपाल मिडिया सोसाइटीको संयुक्त आयोजनामा असार ६ र ७ गते रुपन्देहीको बुटवलमा सम्पन्न सम्मेलनमा सहभागी प्रकाशक, सम्पादक, सञ्चारकर्मी तथा सरोकारवालाहरूको साझा भेलाले आठ बुँदे घोषणापत्र सार्वजनिक गरेको हो । घोषणापत्रमा सरकारको वर्तमान विज्ञापन वितरण नीति निजी क्षेत्रका सञ्चारमाध्यमप्रति विभेदकारी रहेको उल्लेख गर्दै यसले मिडिया उद्योगको अस्तित्वमै संकट सिर्जना गरेको निष्कर्ष निकालिएको छ । सम्मेलनले उक्त नीति तत्काल खारेज गरी समानुपातिक, पारदर्शी र वैज्ञानिक विज्ञापन वितरण प्रणाली लागू गर्न सरकारसँग माग गरेको छ। साथै, यस अभियानमा नेपाल पत्रकार महासंघद्वारा सञ्चालित आन्दोलनप्रति पूर्ण ऐक्यबद्धता जनाइएको छ ।

सम्मेलनले सरकारी विज्ञापन वितरणमा देखिएको अनियमितताको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्न माग गरेको छ । साथै देशभरका सञ्चार संस्थाहरूलाई व्यावसायिक रूपमा सुदृढ बनाउन 'साझा विज्ञापन बिक्री संयन्त्र' स्थापना प्रक्रिया तत्काल अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ ।

मिडियाको विश्वसनीयता र पारदर्शिता अभिवृद्धिका लागि देशभरका मिडिया हाउसहरूले तीन महिनाभित्र आफ्ना पाठक तथा दर्शकसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्ने तथा एक वर्षभित्र स्वतन्त्र पाठक-सर्वेक्षण र परिसंचरण लेखापरीक्षण प्रणाली स्थापना गर्ने प्रतिबद्धता समेत सम्मेलनले जनाएको छ । विज्ञापनमा मात्र निर्भर नरही सदस्यता, ब्रान्डेड कन्टेन्ट तथा साझा कार्यक्रमजस्ता वैकल्पिक राजस्व स्रोत विकास गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

घोषणापत्रमा संघीय, प्रदेश र स्थानीय सरकारलाई मिडिया उद्योगको वर्तमान आर्थिक संकट समाधानका लागि ठोस सबलीकरण कार्यक्रम सञ्चालन गर्न आह्वान गरिएको छ। यसका लागि ' मिडिया अधिकार तथा दिगोपन पैरवी समिति' गठन गर्ने, प्रभावित सञ्चारमाध्यम र रोजगारीसम्बन्धी तथ्याङ्कसहितको प्रतिवेदन तयार पार्ने तथा नीति निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाइएको छ ।

त्यस्तै, तीनै तहका सरकारले उपलब्ध गराउने विज्ञापनलाई स्पष्ट मापदण्ड र समानुपातिक प्रणालीका आधारमा वितरण गर्नुपर्ने माग गरिएको छ । यसका लागि आवश्यक पैरवीको जिम्मेवारी नेपाल मिडिया सोसाइटी र प्रकाशन तथा प्रसारण संघ लुम्बिनीले लिने जनाइएको छ ।

देशभरका टेलिभिजन संस्थाहरूलाई आर्थिक संकटमा पार्ने गरी लोककल्याणकारी विज्ञापनको भुक्तानी रकम कटौती गरिएकोप्रति सम्मेलनले गम्भीर चिन्ता व्यक्त गर्दै उक्त व्यवस्था तत्काल पूर्ववत् गरी नियमित भुक्तानी प्रक्रिया सुनिश्चित गर्न सरकारसँग माग गरेको छ ।

सम्मेलनले गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्ति तथा सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्न संघीय, प्रदेश र स्थानीय सरकारबीच संयुक्त पहल आवश्यक रहेको उल्लेख गर्दै त्यहाँ सञ्चार सङ्ग्रहालय र सञ्चारग्राम स्थापना गर्न माग गरेको छ ।

दुई दिनसम्म चलेको सम्मेलनले नेपालको सञ्चार क्षेत्रको दिगोपन, व्यावसायिक सुदृढीकरण र प्रेस स्वतन्त्रताको संरक्षणका विषयमा व्यापक छलफल गरेको थियो । सम्मेलनका सहभागीहरूले मिडिया उद्योगलाई लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भका रूपमा संरक्षण र प्रवर्द्धन गर्न राज्यले विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गरेका थिए ।

नेपाल मिडिया सोसाइटीका अध्यक्ष मदन लम्सालद्वारा जारी घोषणापत्रमा सम्मेलन सफल बनाउन सहयोग पुऱ्याउने स्थानीय सरकार, निजी क्षेत्र तथा विभिन्न संघसंस्थाप्रति आभार समेत व्यक्त गरिएको छ ।

# भूकम्पीय जोखिम न्यूनीकरणका लागि नेपालगञ्जमा कृत्रिम विपद् अभ्यास

**◣युग संवाददाता**
**बाँके, ८ असार ।**

नेपालगञ्जमा भूकम्पीय जोखिमप्रति पूर्व तयारी सुदृढ गर्दै विपद् प्रतिकार्य क्षमताको परीक्षण गर्न कृत्रिम विपद् घटना अभ्यास (टेबल टप सिमुलेशन) सम्पन्न गरिएको छ ।

विपद्का बेला हुने सम्भावित चुनौतीहरूको सामना गर्न स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला संस्थाहरूबीचको समन्वय र कार्यसम्पादन क्षमतालाई थप प्रभावकारी बनाउने उद्देश्यले उक्त अभ्यास आयोजना गरिएको हो । नेपालगञ्ज उपमहानगरपालिकामा सञ्चालन भइरहेको सहरी विपद् तथा भूकम्पीय जोखिम पूर्वतयारी परियोजना (सुपर) को प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा विपद् विज्ञ डा. सिर्जन मल्ल र दामोदर अधिकारीले विपद् व्यवस्थापनका क्रममा आवश्यक समन्वय, निर्णय प्रक्रिया तथा प्रतिकार्य व्यवस्थापनका विभिन्न पक्षबारे सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम भण्डारीले विपद् व्यवस्थापनसम्बन्धी कार्यविधि, व्यवहारिक अनुभव तथा उद्धार-राहत कार्यका विविध आयामबारे प्रस्तुति दिनुभएको थियो । त्यसपछि सहभागीहरूलाई तीन समूहमा विभाजन गरी भूकम्पसँग सम्बन्धित काल्पनिक घटनामा आधारित टेबल टप सिमुलेशन अभ्यास सञ्चालन गरिएको थियो ।

अभ्यासका क्रममा विपद्को अवस्थामा विभिन्न निकायबीच हुने समन्वय, सूचना आदानप्रदान, स्रोत तथा जनशक्ति परिचालन, निर्णय प्रक्रिया र आपत्कालीन प्रतिकार्य संयन्त्रको परीक्षण गरिएको थियो ।

आपत्कालीन कार्य सञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीका अनुसार यस्तो अभ्यासले वास्तविक विपद्का समयमा देखिन सक्ने कमजोरी पहिचान गर्न र सुधारका उपायहरू तय गर्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।

कार्यक्रममार्फत स्थानीय विपद् व्यवस्थापन समिति तथा विभिन्न विषयगत समितिहरूबीचको समन्वय, जिम्मेवारी बाँडफाँट र कार्यसम्पादन क्षमताको मूल्याङ्कन गर्दै थप सुदृढीकरणका उपायहरूबारे समेत छलफल गरिएको थियो । सहभागीहरूले विपद् पूर्व तयारीलाई व्यवहारमा उतार्न यस्ता अभ्यास नियमित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

नेपालगञ्जउपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बमले विपद् व्यवस्थापनमा पूर्व तयारी नै सबैभन्दा प्रभावकारी उपाय भएको उल्लेख गर्दै यस्ता अभ्यासले वास्तविक विपद्का बेला छिटो, प्रभावकारी र समन्वयात्मक प्रतिकार्य गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य क्षेत्र, गैरसरकारी संस्था तथा विपद् व्यवस्थापनसँग सम्बन्धित विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

युरोपियन युनियनको आर्थिक सहयोगमा नेपालगञ्ज उपमहानगरपालिकामा सञ्चालित सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजना (सुपर) ले विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी तथा प्रभावकारी प्रतिकार्य प्रणाली सुदृढीकरणका क्षेत्रमा काम गर्दै आएको छ । उक्त परियोजना युएनडिपी, युनिसेफ, युएन वुमन र एचआईको साझेदारी तथा सिडिएम नेपालको प्राविधिक सहयोगमा सञ्चालन भइरहेको छ । यसले स्थानीय तहमा विपद् व्यवस्थापन संरचनालाई सक्षम र दिगो बनाउने लक्ष्यका साथ विभिन्न गतिविधिहरू अघि बढाइरहेको छ ।

## विकासोन्मुख...

कुल नयाँ कारमध्ये २५ प्रतिशत इलेक्ट्रिक थिए ।

आईईएको पछिल्लो प्रतिवेदनले सन् २०२६ मा विश्वव्यापी इलेक्ट्रिक कारको बिक्री बढेर २ करोड ३० लाख पुग्ने अनुमान गरेको छ । चीनका ठूला अटो कम्पनी गिली र बिवाईडीले ठूलो संख्यामा विद्युती कार विदेशी बजारमा निर्यात गर्दै आएका छन् ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का अनुसार विश्वभर बिक्री हुने कुल इलेक्ट्रिक कारमध्ये करिब ६० प्रतिशत कार चिनियाँ अटो निर्माताहरूले आपूर्ति गरिरहेका छन् । चिनियाँ कम्पनीहरूले युरोप, अफ्रिका र ल्याटिन अमेरिकी बजारमा प्रभावशाली उपस्थिति जनाएका छन् ।

भियतनामी अटो निर्माता कम्पनी 'विनफास्ट' को बिक्रीमा पनि उल्लेख्य सुधार आएको छ । दक्षिण-पूर्वी एसियामा बढेको मागका कारण चालू वर्षको जनवरी-मार्च त्रैमासिकमा कम्पनीको आम्दानी गत वर्षको सोही अवधिको तुलनामा ४२ प्रतिशतले वृद्धि भएको छ ।

भियतनामको राजधानी हनोईका नुयेन थिएन बाओ हरेक बिहान आफ्नो 'विनफास्ट' इलेक्ट्रिक मोटरसाइकल लिएर व्यस्त सडकमा निस्कन्छन् र यात्री तथा सामान ओसारपसार गर्छन् । इन्धनको मूल्य बढेका बेला इभी बाइकले उनको खर्च निकै घटाएको छ । 'पहिले मेरो कमाइको ठूलो हिस्सा इन्धनमै सकिन्थ्यो,' बाओले भने, 'अहिले म केही रकम बचत गर्न सक्ने भएको छु ।'

## मन्त्रीहरूका...

शुक्रबार मन्त्रालयहरूलाई पठाइएको कार्यविधिअनुसार मन्त्रीको सचिवालयमा सल्लाहकारसहितका पदाधिकारीहरू नियुक्त हुनेछन् । जसअनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ, पूर्वाधार विकास र कृषि वन तथा पर्यावरण मन्त्रालयमा पाँच-पाँच जना सचिवस्तरकासल्लाहकारनियुक्तगरिनेछ। 'यी तीनवटा मन्त्रालयमा वैतनिक एक-एक जना र चार-चारजना सचिवस्तरका सल्लाहकारहरू अवैतनिक रूपमा नियुत्त हुनेछन्', स्रोतले शिलापत्रसँग भन्यो, 'अवैतनिक भने पनि कार्यालय र प्रशासनिक खर्च चाहिन्छ, यसले झन खर्च बढाउँछ ।' अरु १४ वटा मन्त्रालयमा पनि विशिष्ट श्रेणीका सल्लाहकारहरू नियुक्त हुने व्यवस्था सो कार्यविधिले गरेको छ । जसअनुसार मन्त्रालयहरूमा एक जना वैतनिक र दुई जना अवैतनिक सल्लाहकारहरू नियुक्त हुनेछन् ।

'मन्त्रालयमा कर्मचारीहरूकै लागि ठाउँ छैन पूर्वसचिवज्यूहरू वा त्यही स्तरका सल्लाहकार आएपछि हामीले कार्यकक्ष छोडेर सहयोग गर्ने त होला नि', एक सहसचिव भन्छन्, 'मन्त्रीका वरपर भिड जम्मा पारेर मात्रै नजिता आउँछ र ?' मन्त्रीको सचिवालयमा भएकाहरूबीच नै कुरा नमिलेर हैरानी भएका बेला झन् सल्लाहकारहरूको भिड जम्मा हुँदा कर्मचारीलाई कार्य सम्पादनमा असर पर्ने उनको दाबी छ ।

उनका अनुसार मन्त्रीको सचिवालय पनि ठूलो बनाउन लागिएको छ । कार्यविधिअनुसार मन्त्रीको सचिवालयमा सल्लाहकारबाहेक ९ जना नियुक्त हुनेछन् । स्वकीय सचिवालयतर्फ मन्त्रीले उपसचिवस्तरका एक जना नियुक्त गर्न पाउँछन् । शाखा अधिकृतस्तरका दुई जना, नायव सुब्बास्तरका दुई जना, कार्यालय सहयोगी दुई जना र चालक दुई जना नियुक्त गर्न पाउने व्यवस्था कार्यविधिले गरेको छ ।

उपप्रधानमन्त्रीको सचिवालयमा सह-सचिवस्तरका कर्मचारी एक जना थप नियुत्त गर्न पाइने व्यवस्था कार्यविधिमार्फत गरिएको छ । यद्यपि, अहिले उपप्रधानमन्त्री नियुत्त गरिएको छैन ।

प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापनसम्बन्धी कार्यविधि छुटै रहेको छ । सोही कार्यविधिअनुसार प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयमा सल्लाहकार, विज्ञ र सदस्यहरू नियुत्त भएर काम गरिरहेका छन् ।

**आत्महत्या समस्याको समाधान होइन ।**

**आत्महत्यका प्रमुख कारण**

- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपाय:**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।

**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

# एसईई पुनर्योगको नतिजा सार्वजनिक




**युग संवाददाता**
**काठमाडौँ, ८ असार ।**
राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसईई) को पुनर्योगको नतिजा सार्वजनिक गरेको छ। बोर्डले सोमबार आठौँ चरणको नतिजा सार्वजनिक गरेको हो। वोर्डका अनुसार ३० जना परीक्षार्थीहरूको नतिजा परिवर्तन भएको छ।

आठौँ चरणको पुनर्योग परीक्षामा जम्मा ४६८ जना परीक्षार्थीहरूको नतिजा सार्वजनिक गरिएको हो। बोर्डले नतिजामा परिवर्तन भएका विद्यार्थीहरूलाई आफ्नो संशोधित ग्रेडसिट लिनका लागि आवश्यक प्रक्रिया पुऱ्याएर सम्पर्क गर्न समेत अनुरोध गरेको छ। बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा गत वैशाख २५ गते सार्वजनिक गरेको थियो। नतिजा अनुसार ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए।

### राहदानी छपाइमा १० अर्ब १३ करोडको भ्रष्टाचारः
# कसलाई कति बिगो मागदाबी ?

**युग संवाददाता**
**काठमाडौँ, ८ असार ।**
राहदानी विभागले ई पासपोर्ट छपाई र प्रणाली खरिद प्रक्रियामा १० अर्ब १३ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा अभियोगपत्र दायर गरेको छ।

विभागले आह्वान गरेको दुईवटा प्याकेजको बोलपत्रमा सरकारी अधिकारी र विदेशी कम्पनीका प्रतिनिधिहरूबिच मिलेमतो गरी राज्यलाई अर्बौंको नोक्सानी पुऱ्याएको आयोगको निष्कर्ष छ।

आयोगले विभागका महानिर्देशक तीर्थराज अर्याल, निर्देशक (सूचना प्रविधि) सुनिल कुमार केसी, तत्कालीन निर्देशक शत्रुध्वन प्रसाद शर्मा पोखरेल, तत्कालीन निर्देशक रविन्द्र राजभण्डारी, तत्कालीन लेखा अधिकृत तुलसी प्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपिन प्रसाई, तत्कालीन शाखा अधिकृत सोमेश थापा, परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानून) राजाराम दाहाल, तत्कालीन उपसचिव (लेखा) भेष प्रसाद भुर्तेल, तत्कालीन उपसचिव (कानून) पुस्करराज नेपाललाई १० अर्ब १३ करोड ४ लाख ६१ हजार ४७७ रुपैयाँ ०१ पैसा बिगो कायम गरेर मुद्दा दायर गरेको छ। त्यस्तै मुल्हबाउर कम्पनी र प्रतिनिधिहरू गेरहार्ड मौरर, पाभ्ले राकिक र मणिन्द्रराज मल्ललाई १ अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ रुपैयाँ ६२ पैसा बिगो कायम गरेर मुद्दा दायर भएको छ। त्यस्तै भेरिडस र प्रतिनिधिहरू फाबियोला बेलरशेम, फ्लोरियन पाकुलिन र सिद्धार्थ थापालाई ८ अर्ब २२ करोड ३५ लाख ४ हजार ४ सय ४४ रुपैयाँ ३९ पैसा विगो कायम साथै मुख्य कसुरदार सरह कैद, बिगो बमोजिम जरिवाना र १८ करोड ४४ लाख रुपैयाँ असुल गर्न माग गरिएको छ।




राहदानी विभागका पदाधिकारीहरूले दुई जर्मन कम्पनीहरू मुल्हबाउर र भेरिडोसलाई ठेक्का सुम्पिन सार्वजनिक खरिद ऐन र नियमावली विपरीत बोलपत्रका सर्त र मापदण्डहरू फेरबदल गरेका थिए। प्राविधिक र आर्थिक मूल्यांकनमा बदनियतपूर्ण निर्णय गरी ती कम्पनीहरूसँग सम्झौता गरिएको र आंशिक रकम समेत भुक्तानी दिइएको पाइएको छ।

राहदानी विभागले २०८१ मङ्सिरमा पाँच वर्षका लागी ६४ लाख थान नयाँ विद्युतीय राहदानी आपूर्ति र त्यसको प्रणाली व्यवस्थापन गर्न ग्लोबल टेन्डर आह्वान गरेको थियो। बोलपत्र मूल्याङ्कनको लागी तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवाले २०८१ फागुन ९ मा विभागका महानिर्देशक तीर्थराज अर्यालको नेतृत्वमा बोलपत्र मूल्याङ्कन समिति गठन गरेकी थिइन्। त्यही मितिमा विभागका सूचना प्रविधि निर्देशक सुनिल केसीको नेतृत्वमा प्राविधिक कर्मचारी रहने गरी उपसमिति गठन गरिएको थियो।

## घुयँत्रो



# 'बिरसिक्का'

हिजोदेखि चितवनाँ भै राको जेनजी पाटिको महाधिवेशनको निम्तोमा पुराना दलका ठूला नेताहरु नगएर तल्लो तहका नेताहरलाई पठाएछि धेरैले सामाजिक सन्जालाँ धेरै कुरा गर्याछन। एक त जुनमान्छेलाई सहकारी ठग र राज्यद्रोहको अपराध लगाएर कैलेको पोखरा त कैलेको भैरहवा अनि कैलेको जनकपुर र कैलेको काठमाण्डु दौडाईदौडाई हत्तु बनाईयो। अनि त्यस्सैको पाटिको महाधिवेशनाँ के नाकले जाउन तनि ती नेता रबिकाँ नाक देखाउन। रबिले त तिनका अगाडि सान देखाउनालागिनि निम्तो त पठाउनुनै थियो अनि त्यै मौका पारेर ती नेताहरलाई अघाउन्जेल आँफुमाथि उनरले गर्या अन्याय आफ्ना कार्यकर्तालाई सुनाएछि कार्यकर्ताले नि बुझ्ने छन कि आफ्नो नेतालाई कस्तो अन्याय गरियाथ्यो। आँफुहरलाई रविलाई कुदाको र जेनजी आन्दोलनाँ रबिका कार्यकर्ताले आँफुलाई दौठाउनसम्म दौडाको भन्ने कुरा बुझ्यानेताले रबिको पाटिको महाधिवेशनाँ त्यति सजिलै के जाँदा हुन के ! अँझ भएन भनेरआँफुहरलाई नै सिध्याउनालागि देशाँ हत्तनपत्त चुनाब गराएर चुनाबाँ पा ताडेर्भैं ताडेर अब जिन्दगी मै उठन नसक्ने गरि राजनीतिक क्यारियर नै सिध्याईदेछि त्यसकै पछि लाएर त्यसको अधिवेशनाँ के नाकले कसरि जानू तनि त्यै भएर गएनन् भन्नू पर्यो हैन र ? बिचराहरले ती आफ्ना घराँ दनदनि लाग्या आगो अनि दुनियाँलाँलाई ठगेर ७ पुस्तालाई बसिबसि खान पुग्ने गरि कमा सम्पतिलाई आफ्नै आँखा अगाडि खरानी बनाको देखि देखि तिनकै पाटिको महाधिवेशनाँ जाने हिम्मतनि कसरी राखुन के ! अरुलाई पो भन्दिन सजिलोछ तर जसको आँखाले आफ्ना ती घर र सम्पति जलेर पुत्योल भाको देख्याछ र म र मेरो परिवारलाई विस्थापित गराउने खेल यिनरकै हो भनेर मनमा तिनरकै चित्र लेर बस्याछ भनेतिनरले गर्या निम्तो मान्न के जाँदा हुन तनि नेतारु। ठिकैछ राजनीतिमा यस्ता उतार चढाव आई राख्छन त्यसैले यसैलाई ईख नबनाएर राजनीतिमा स्थायी शत्रु र मित्र कोहि हुन्नन भनेर जाउन भनेनि त्यै अधिवेशनाँ केही बहाना बनाएर रास्वपाका कार्यकर्ताले महाधिवेशन स्थलाटै भागाभागको स्थिति बनाए भने क्यार्नु त्यै भएरनि बपचाराहरु त्यतातिर जाने सोचै नबनानि हुन सक्छ। अरुपाटिका १ नम्बरी नेता नगएनि प्रचण्डसम्म गए हुने हो क्यारे ! किनभने उनले त हिजो अन्य दलका नेताहरका विरुद्ध केई गरि खाने यै हो भनेर ट्र्याप्प टिपेर रबिलाई गृहमन्त्री बनाकैथे। हुन त रबिको मुख मात्रै हेरेर गएर नि के गर्नु। दलका नेताहरु बिरुध्द रिसइबि पालेर बस्या जेनजीहर जाई लाग्न थालेर हुलमुलाँ नेताँहरलाई बेस्सरि कुच्याउन थाले भने एक्लै रबिले मात्रै प्रतिरक्षा गर्न काँ सक्लान तनि त्यै भएर नेतारु नगएर वुध्दि पुर्याकै मान्नु पर्छ। हुननि ऐले नेताहरलाई साह्रै गाह्रो छ। आफ्नै पाटिभित्र लखेटा लखेटको स्थिति आईपर्या बेलाँ अर्काकाँ गएर के भनेर आश्वासन बाँडनु त्यो भन्दा त जाँदै नगयो टण्टै साफ। हिजोसम्म १ नं पाटि काँग्रेस र २ नं पाटि भनेर अरुलाई अर्तिवुध्दि बाँडदै हिँडने एमाले नेतारु जेनजी आन्दोलन पछि पाटिनै सुकेर खक्रक्कै भा बेलाँ अँझ भएन भनेर कताट चुनाब गराई फालेर चुनाबाँ तिनै ठूला पाटिलाई जनताले शिला खोज्ने बनाईदेछि पाटि भित्रै वल्लो घाटन पल्लोतिर भका नेताले सत्तारुढ दलको अधिवेशनको भब्य कार्यक्रममा गएर के शुभकामना दिने के! त्यै भएर नि वलि र प्रचण्डले अस्वस्थको बहाना बनाएर अरुलाईनै जाने निर्देशन गरेछन। हुननि हो त हिजो सरकार बन्ने बित्तिकै रातारात जेलको चिसो छिडियाँ पुर्याएर अस्पताल कुर्ने बनाका सरकारको पाटिमहाधिवेशनाँ जानका लागि निम्तो आउँदै वलि बाका हात खुट्टा गल्या हुँदा हुन! तै एमालेकै यौटो नेतालाई पठाईदेर राजनीतिक विधिविधान पूरा गरे वाले। तर , पाटि ठूला नेताहरु जेनजी पाटि महाधिवेशनाँ नगकोमा सामाजिक सन्जालाँ जेनजीहरले कति सत्तोसराप गर्ने हुन त्यो भने हेर्न बाँकि नैछ। किनभने सरकार सकेसम्म ठूला दलका नेताहरलाई भक्काभक कठघराँ पुर्याएर आफ्नो सय दिने प्रगति देखाउने पक्षाँ छ त्यसैले पुराना दलका ठूला नेतारु बचेर हिनो है। कुनै पनि बेला तिमरका घरआँगनाँ बालेनका जेनजी सेना आउन सक्छन। त्यति नभएनि महाधिवेशनको बहानाँ रबि र बालेनले तिमरलाई कति धोई पखालि गर्छन टिभि र सामाजिक सञ्जाल हेरे था भै हाल्छनि हैन र नेताजिहरु ! चेतना भया !

# गर्भवती महिलाको उद्धार

**युग संवाददाता**
**हुम्ला, ८ असार ।**
सुत्केरी व्यथाले थलिएकी हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-१ हेक्का निवासी २८ वर्षीया सरिता लामाको नेपाली सेनाले हेलिकप्टरमार्फत उद्धार गरी सुर्खेत पठाएको छ।

उनलाई आइतबार बेलुका हुम्ला जिल्ला अस्पतालमा सुत्केरी गराउन सम्भव नभएपछि जिल्ला प्रशासन कार्यालय हुम्लाको सिफारिसमा प्रदेश अस्पताल सुर्खेत पठाइएको हो।

स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख उमाकान्त तिवारीले रक्तचाप बढेर १७०/१२० पुगेको थियो। उपचारका क्रममा उनी बेहोस भएको र पाँचपटकसम्म झड्का आएको उनले बताए।

डा तिवारीका अनुसार लामाको गर्भमा रहेको बच्चा ३१ हप्ताको मात्रै रहेको छ। भिडियो एक्सरे जाँच गर्दा बच्चाको तौल करिब १२ सय ग्राम मात्रै देखिएको र बच्चाको तौल कम भएकाले थप उपचारको आवश्यक रहेको बताए।

# व्यवस्थित टर्मिनल भवन नहुँदा 'एअर कन्ट्रोल'मा समस्या

**युग संवाददाता**
**सुर्खेत, ८ असार ।**
मुगुको रारा (ताल्चा) विमानस्थल कार्यालय भवन आजसम्म काठको टहरामा सञ्चालन हुँदै आएको छ। कार्यालय भनव मात्र होइन, सुरक्षा व्यवस्था तथा यात्रु प्रतीक्षालयमा समेत आवश्यक सुविधा नहुँदा यात्रुले विभिन्न सास्ती खेप्नुपरेको छायाँनाथ रारा नगरपालिका-११ का फुलमाया कुमाइले बताए।

विसं २०६० वैशाख ३ गते परीक्षण उडान गरिए पनि लामो समयसम्म व्यवस्थित टर्मिनल भवन र कन्ट्रोल टावर सञ्चालनमा आउन सकेको छैन।

विसं २०७२ सालमा ५७० मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरिएको थियो। त्यसपछि विमानस्थललाई थप व्यवस्थित बनाउने लक्ष्यसहित नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०७५/७६ मा करिब रु नौ करोड विनियोजन गरी दुई वर्षभित्र टर्मिनल भवन निर्माण सम्पन्न गर्ने सम्झौता गरेको थियो। तर सम्झौता भएको सात वर्ष बितिसक्दा पनि भवन पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन।

विमानस्थल प्रमुख नवलकिशोर चौहानले टर्मिनल भवन पूर्ण सञ्चालनमा नआउँदा जोखिम मोलेर सेवा दिनुपरेको बताउछन्। विमानस्थल जस्तो संवेदनशील क्षेत्रमा आवश्यक सुरक्षा पूर्वाधारको अभावले थप चुनौती सिर्जना गरेको छ।

पर्यटकीय गन्तव्यको प्रमुख क्षेत्र रारामा पूर्वाधार निर्माणको काम छिटो सम्पन्न भइ तयार भएको संरचना यथाशक्य छिटो सञ्चालनमा ल्याइनुपर्ने सरोकारवालाको सुझाव छ।










युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।